स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक नं. १८२

आज मिति २०८२।०७।२८ गते शुक्रबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १८२औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | — |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | — |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | — |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | — |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | — |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | मिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | — |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | ऋषिराम के.सी. | सचिव | | |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

नगरकार्यपालिका बैठक नं. १८२, मिति २०८२।०७।२८ गते शुक्रबार

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

२. प्रथम त्रैमासिक प्रगति समिक्षा प्रतिवेदन अनुमोदन सम्बन्धमा।

३. दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च उपलब्ध गराउने सम्बन्धमा।

४. नमुना प्रा.वि. शिवपुरको नमुना विद्यालय व्यवस्थापन समिति सदस्य चयन सम्बन्धमा।

५. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु सुचीकृत सम्बन्धमा।

६. चालु आ.व.२०८२/८३को योजना तथा बजेट कार्यान्वयन सम्बन्धमा।

७. ठेक्काको म्याद थप सम्बन्धमा।

८. IEE प्रतिवेदन स्वीकृत सम्बंन्धमा।

९. विविध।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

ऋषिराम ...
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको आ.व. २०८२/८३को प्रथम त्रैमासिक प्रगति समिक्षाको प्रतिवेदन अनुमोदन गरियो।

निर्णय नं. ३

कार्यालयको काममा आफ्नो निजि सवारी साधन प्रयोग गर्ने प्राविधिकतर्फका कर्मचारीहरुलाई आ.व. २०८२/८३देखि सम्बन्धीत महाशाखा/शाखा प्रमुखबाट मर्मत सुविधा प्राप्त गर्ने कर्मचारीको कार्य जिम्मेवारीमा पर्ने आयोजनाको विवरण, सवारी धनी प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक प्रमाणपत्रको प्रतिलिपि सहित सिफारिस भई आएमा एक आर्थिक वर्षमा अधिकतम रकम रु.८,०००।—(आठ हजार)सम्म कन्टिन्जेन्सी शीर्षकबाट खर्च हुनेगरी सवारी साधन(दुई पाङ्ग्रे) मर्मतको भुक्तानी उपलब्ध गराउने।

निर्णय नं. ४

घोराही उपमहानगरपालिका वडा नं.११ स्थित श्री नमूना प्रा.वि. हापुर शिवपुरको नमूना विद्यालय व्यवस्थापन समितिको रिक्त सदस्य पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ (पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम सदस्य चयन गर्ने निर्णय गरियो।

तपसिलः

१. मणिभद्र गौतम
२. देव बहादुर वली
३. डिल कुमारी पुन

निर्णय नं. ५

स्थानीय तह भित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको दर्ता, नविकरण, विधान संशोधन लगायतका कार्यहरु यस अघि जिल्ला समन्वय समितिबाट हुँदै आएकोमा उक्त कार्यहरु स्थानीय तहबाट गर्ने भनि नेपाल सरकार खानेपानी मन्त्रालयबाट निर्णय भएको हुँदा यस उपमहानगरपालिका भित्र रहेका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई सूचीकृत गर्ने सम्बन्धी सूचना प्रकाशन गर्न खानेपानी तथा सरसफाई शाखालाई निर्देशन दिने।

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

घोराही उपमहानगरपालिकाको आ.व. २०८२/८३को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्ने।

१. कार्यक्रम संचालन गर्ने महाशाखा/शाखाहरुले विनियोजित बजेटको ३० प्रतिशतसम्म अत्यावश्यक कार्यक्रम मात्र कार्यान्वयन गर्ने।

२. पूर्वाधारतर्फ नगरस्तरीय अत्यावश्यक(खानेपानी, सिंचाई आदी) योजनाहरु (१० प्रतिशत लागत सहभागिता)मात्र कार्यान्वयन गर्ने।

३. नगरस्तरीय लागत सहभागितामा(२०%,३५%,५०%) आधारित योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने।

४. वडातर्फ तपसिल बमोजिमको बजेट सिमामा रही योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने। नगर वडा समपुरकतर्फ अधिकतम १० लाखसम्मको योजना कार्यान्वयनका लागि छनौट गर्ने।

तपसिलः

| सि.नं. | वडा नं. | रकम | थप(राजश्व प्रोत्साहन) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ४०,००,०००।- | ४२,०००।- | ४०,४२,०००।- | |
| २ | २ | ४०,००,०००।- | १,०५,०००।- | ४१,०५,०००।- | |
| ३ | ३ | ४०,००,०००।- | १,१३,०००।- | ४१,१३,०००।- | |
| ४ | ४ | ४५,००,०००।- | १,००,०००।- | ४६,००,०००।- | |
| ५ | ५ | ४८,००,०००।- | १,३५,०००।- | ४९,३५,०००।- | |
| ६ | ६ | ४५,००,०००।- | २,०२,०००।- | ४७,०२,०००।- | |
| ७ | ७ | ५५,००,०००।- | १,४०,०००।- | ५६,४०,०००।- | |
| ८ | ८ | ५०,००,०००।- | १,७२,०००।- | ५१,७२,०००।- | |
| ९ | ९ | ५०,००,०००।- | १,०५,०००।- | ५१,०५,०००।- | |
| १० | १० | ५५०००००।- | २,४६,०००।- | ५७,४६,०००।- | |
| ११ | ११ | ४५०००००।- | १,३६,०००।- | ४६,३६,०००।- | |
| १२ | १२ | ४५०००००।- | १,७५,०००।- | ४६,७५,०००।- | |
| १३ | १३ | ५०,००,०००।- | १,९५,०००।- | ५१,९५,०००।- | |
| १४ | १४ | ४८,००,०००।- | ९०,०००।- | ४८,९०,०००।- | |
| १५ | १५ | ५०,००,०००।- | ७,६३,०००।- | ५७,६३,०००।- | |
| १६ | १६ | ४०,००,०००।- | २,२४,०००।- | ४२,२४,०००।- | |
| १७ | १७ | ५५०००००।- | ३,०१,०००।- | ५८,०१,०००।- | |
| १८ | १८ | ५०,००,०००।- | २,०८,०००।- | ५२,०८,०००।- | |
| १९ | १९ | ४०,००,०००।- | ९४,०००।- | ४०,९४,०००।- | |

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मि |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/30/079/080 | वडा नं. ६ वडा कार्यालयदेखि पचकपुर पक्वै बेरगै बचाहा बेरुवागाउँ सडक स्तरउन्नती | अपर्चुनिटी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ ३ टोखा | २०८०।०६।१८ | २०८१।०३।३१ | २०८१।११।३०<br>(पहिलो पटक म्याद<br>२०८२।०९।२९<br>(दोस्रो पटक म्याद थ |
| २ | NCB/WORKS/GSMC/27/079/080 | मा.वि. गोग्लीदेखि लक्ष्मिपुर मन्दिरसम्म सडक स्तरउन्नती | | २०८०।०६।१८ | २०८१।०३।३१ | २०८१।११।२९<br>(पहिलो पटक म्याद<br>२०८२।०३।२९<br>(दोस्रो पटक म्याद थ<br>२०८२।०९।२९<br>(तेस्रो पटक म्याद थ |

निर्णय नं. ८

८.१ घोराही उपमहानगरपालिका वडा नं. १९ अन्तर्गत शशिधर पुनको नामको साविक सैघा नं. ५/ट कित्ता नं. ५० र ५१ को निजि जग्गाबाट ढुङ्गा संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने।

८.२ घोराही उपमहानगरपालिका वडा नं. १९ अन्तर्गत नोट बहादुर पुनमगरको नामको साविक सैघा नं. ७/ग कित्ता नं. २४ र २५, मान बहादुर घर्तीमगरको नामको साविक सैघा नं. १/झ कित्ता नं. १९, दुर्गा बहादुर घर्तीमगरको नामको सैघा नं. ३/ज कित्ता नं. ४९ र राम बहादुर घर्ती मगरको नामको साविक सैघा नं. १/झ कित्ता नं. १८ को निजि जग्गाबाट ढुङ्गा संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने।

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

८.३ घोराही उपमहानगरपालिका वडा नं. १ नं अन्तर्गत पर्ने लिलाधर घर्तीको नाममा रहेको साविक रामपुर८/घ को कि.नं. २४ र ३१ को निजि जग्गाबाट ढुङ्गा गिट्टी तथा बालुवा संकलन/उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने।

८.४ घोराही उपमहानगरपालिका भित्र रहेका तपसिल बमोजिमका नदीघाटहरुबाट नदीजन्य पदार्थ उत्खननका लागि रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिलस्मृति ४ रोल्पाबाट तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने।

तपसिलः

| क्र.सं. | प्रभावित वडा | उत्खनन् क्षेत्र/ बगर | नदी/ खोलाको नाम | उत्खनन् गर्न सकिने क्षेत्रको नाप | | | | दैनिक उत्खन्न आयतन (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लम्बाई (मिटर) | चौडाई (मिटर) | उचाई (मिटर) | वार्षिक उत्खन्न आयतन (घन मिटर) | |
| १ | ६ | जजरा गाउँ घाट क्षेत्र २ | बबई नदी | १५० | ४० | १.५ | ९००० | ३३.३३ |
| २ | ५ | गोठली गाउँ घाट | बबई नदी | २०० | २० | १ | ४००० | १४.८१ |
| ३ | ५ | सिसिपुर घुसा घाट | बबई नदी | ७५ | २० | १ | १५०० | ५.५५ |
| ४ | २ | चाक्ली घाटदेखी दक्षिण सोरठी दोभान क्षेत्र १ | अर्जुन खोला | ४०० | ३० | १.५ | १८००० | ६६.६६ |
| ५ | २ | चाक्ली घाटदेखी दक्षिण सोरठी दोभान क्षेत्र २ | अर्जुन खोला | ३०० | २५ | १.५ | ११२५० | ४१.६६ |
| ६ | २ | होटल देखि माथिको क्षेत्र | अर्जुन खोला | ५०० | २५ | १.५ | १८७५० | ६९.४४ |
| ७ | ३ | गोग्ली सोता बबई दोभान घाट | बबई नदी | १५० | ३० | १.५ | ६७५० | २५ |
| १ | ९ | तेघरा घाट | हापुर खोला | २०० | २५ | १ | ५००० | १८.५१ |
| २ | ११ | चाघु घाट क्षेत्र | हापुर खोला | १७५ | २० | १ | ३५०० | १२.९६ |
| ३ | १०, ११ | बरुवा गाउँ घाट | हापुर खोला | १०० | १० | १ | १००० | ३.७० |
| ४ | १२ | सेति दोभान घाट | हापुर खोला | १०० | २० | १.५ | ३००० | ११.११ |
| ५ | ५ र ७ | नैनवार घाट | हापुर खोला | ९० | १० | १ | ९०० | ३.३३ |
| ६ | १३ | ढोरेनी घाट | सेवार खोला | ८० | २० | १ | १६०० | ५.९३ |
| ७ | १६ | सेवार खोलाको कजवे देखि माथि कविला रिसोर्ट देखि तल | सेवार खोला | २५० | २५ | १ | ६२५० | २३.१४ |
| ८ | १७ | सवदाहा गृहे देखि तल | कटुवा खोला | ७५ | २० | १ | १५०० | ५.५५ |
| ९ | १७ | ओखरा घाट | सिस्ने खोला | ८० | २० | १ | १६०० | ५.९२ |
| १० | १७ | क्वाडी नर्सरी | कटुवा खोला | १०० | २० | १.५ | ३००० | ११.११ |
| ११ | ३ | बालापुर जाने बाटोमा पर्ने झिङ्गनी बाँधको उत्तर | वालिम खोला | ३०० | २५ | १ | ७५०० | २७.७७ |
| १२ | २,३ | निमुरिया जाने बाटोको तलको क्षेत्र | वालिम खोला | १५० | २० | १ | ३००० | ११.११ |
| १३ | ६ | जजरागाउँ घाट क्षेत्र १ | कटुवा खोला | ९० | १५ | १ | १३५० | 5 |



नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | ७ | बबइ सेवार दोभान घाट | सेवार खोला | १०० | ३५ | १.५ | ५२५० | १९.४४ |
| १५ | ७, ८ | शुक्रबार दुन्द्रा घाट क्षेत्र १ | सेवार गुर्जे र जंगुवा खोला | १०० | २० | ०.५ | १००० | ३.७० |
| १६ | ७, ८ | शुक्रबार दुन्द्रा घाट क्षेत्र २ | सेवार गुर्जे र जंगुवा खोला | ६५ | २२ | ०.८ | ११४४ | ४.२४ |
| १७ | ७ | शुक्रबार बुधौरा घाट | सेवार गुर्जे र जंगुवा खोला | ६५ | २५ | ०.८ | १३०० | ४.४१ |
| १८ | ७ | सौडियार र सौडिको घाट | सेवार गुर्जे र जंगुवा खोला | ६० | २५ | ०.५ | ७५० | २.७८ |
| १९ | ७ | जबरपुर घाट | सेवार गुर्जे र जंगुवा खोला | ६० | २५ | ०.५ | ७५० | २.७८ |
| २० | ७,८ | सौडिको बेसाही घाट | सेवार गुर्जे र जंगुवा खोला | ४५ | १५ | ०.४ | २७० | १.०० |

निर्णय नं. ९

९.१ वैकल्पिक उर्जा प्रबर्धन केन्द्र र घोराही उपमहानगरपालिका विच भएको सम्झौता अनुरुप ४५० थान तह ३+स्तरको सुधारिएको चुल्हो प्राप्त भएकोमा जेन जी आन्दोलनको क्रममा १२ थान चुल्हो चोरी भएको विवरण मुचुल्कामा समेत छुटन गएको जानकारी वैकल्पिक उर्जा प्रवर्धन केन्द्रमा गराउने।

९.२ यस घोराही उपमहानगरपालिका वडा नं. १५ को कार्यालयमा कार्यालय कार्यरत भारी सवारी चालक लाल बहादुर बि.क. २०८२।०७।१९ गते असामयीक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो। साथै उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई किरिया खर्च सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

९.३ डेनमार्कमा आयोजना भएको अन्तराष्ट्रिय फुटबल प्रतियोगितामा लुम्बिनी फुटबल एकेडेमीको तर्फबाट सहभागी भएका खेलाडीहरुको टोलीलाई रु. १०,०००।—आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने भनि मिति २०८२।०४।१५ गते बसेको नगरकार्यपालिकाको १७६औं बैठकबाट निर्णय भएकोमा यही भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा उक्त बैठकको निर्णय जलेर नष्ट भएको हुँदा निर्णय भए अनुसारको उल्लेखित सहयोग रकम  लुम्बिनी फुटबल एकेडेमीलाई उपलब्ध गराउने।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख